स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ७, संख्याः६, भाद्र १७ गते, २०८० साल**

# भाग-२

## सरुमारानी गाउँपालिका

# किसानसँग गाउँ सरकार कार्यक्रम संचालन कार्यविधि २०७५

(दोश्रो संशोधन मितिः२०८०।५।१७)

स्वीकृत मितिः २०७५।१।४

प्रथम संशोधन मितिः २०७९।७।१९

दोश्रो संशोधन मितिः २०८०।५।१७

दोश्रो संशोधन प्रमाणिकरण मितिः२०८०।५।१९

**प्रस्तावनाः**

नेपालको संविधानले स्थानीय तहको अधिकार सुची १५ को कृषि तथा पशुपालनको उत्पादन र व्यवस्थापन सम्बन्धि अधिकार बमोजिम कृषि तथा पशुपालनको उत्पादन वृद्धि गर्न,व्यवस्थापन गर्न,कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति योजना तर्जुमा गरी त्यसको कार्यान्वयन र नियमन गर्नको लागि स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा (ण) बमोजिम प्राप्त अधिकारबाट लक्षित समृद्धिको मार्गमा सरुमारानी गाउँपालिकालाई अगाडी बढाउन किसान संग गाउँ सरकार कार्यक्रम नामक कृषि तथा पशुपालनको आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ।

### परिच्छेद -१

**१. संक्षिप्त नाम र परिभाषा**

१.१ यो कार्यविधिको नाम किसान सँग गाउँ सरकार कार्यक्रम संचालन कार्यविधि २०७५ रहेको छ।

१.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “कृषक” भन्नाले सरुमारानी गाउँपालिकाको क्षेत्र भित्र कृषि तथा पशुपन्छी पालन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।

ख) “कृषि” भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बालीबस्तुलाई सम्झनु पर्दछ र सो शब्दले व्यवसायिक कृषिलाई समेत जनाउँछ।

ग) “पशुपन्छी” भन्नाले सबै प्रकारका घरपालुवा पशुपन्छी र माछा समेतलाई सम्झनु पर्दछ।

घ) “कृषि फर्म” भन्नाले कृषि व्यवसाय संचालन गर्ने उद्देश्यले सरुमारानी गाउँपालिकामा दर्ता भएको फर्मलाई सम्झनु पर्दछ।

ङ) “व्यवसायिक पशुपन्छी फर्म” भन्नाले कार्यालयले तोकेको मापदण्ड(भैंसीपालनको हकमा न्युनतम ५ माउ,गाईपालनको हकमा ५ माउ,बाखापालनको हकमा २५ माउ,बंगुरपालनको हकमा १० माउ,लोकल कुखरापालनको हकमा २०० गोटा,ब्रोइलर पालनको हकमा ५०० गोटा,लेयर्स पालनको हकमा ५०० गोटा) पुरा गरी पशुपन्छी पालन व्यवसायलाई व्यवसायिकरण गर्ने उद्देश्यले सरुमारानी गाउँपालिकामा दर्ता भएको फर्मलाई सम्झनु पर्दछ।

च) “कृषक समूह/समिति” भन्नाले कृषि/पशुपन्छी व्यवसाय संलग्न भई साझा आवश्यकता र चाहाना भएका व्यक्तिहरु मिलेर सामुहिक विधि द्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई सरुमारानी गाउँपालिकामा दर्ता भएको समूह/समितिलाई सम्झनु पर्दछ।

छ) “पकेट समूह/समिति” भन्नाले कृषि/पशुपन्छी व्यवसाय संचालन गर्ने उद्देश्यले अनुसूची-२ मा उल्लेख भएको बालीवस्तुको उत्पादन गर्न गठन भई सरुमारानी गाउँपालिकामा दर्ता भएको पकेट समूह/समितिलाई सम्झनु पर्दछ।

ज) “कृषि व्यवसाय” भन्नाले देहायको व्यवसाय सम्झनु पर्दछ।

- व्यवसायिक उद्देश्यले गरिने बाली वा बस्तुको उत्पादन।
- कृषि/पशुपन्छी/मत्स्य जन्य वस्तुको प्रशोधन,भण्डारण, वितरण तथा बजारीकरण।
- कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्रांगारिक मलको उत्पादन, बन्दारण तथा वितरण।
- कृषि उत्पादनको लागि प्रयोग हुने बिउ,बेर्ना, सेट्स, नश्ल र भुराको उत्पादन, परामर्श सेवा भण्डारण तथा वितरण।
- कृषि/पशुपन्छी/मत्स्यमा प्रयोग हुने औषधी एवं विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बजारीकरण।

झ) “अनुदान” भन्नाले गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि/पशुपन्छी/मत्स्यपालन व्यवसायमा उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण, विविधिकरण, आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने अनुदान रकमलाई सम्झनु पर्दछ।

ञ) “अनुदानग्राही” भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि/पशुपन्छी/मत्स्यपालन संग सम्बन्धित कृषक/कृषि फर्म/कृषक समुह/समिति/सहकारी/पकेट/उद्योग लाई सम्झनु पर्दछ।

ट) “प्रस्ताव” भन्नाले यस कार्यक्रम संचालन गर्न कार्यालयले सूचना प्रकाशन पश्चात कृषक/कृषि फर्म/कृषक समूह/समिति/पकेटले कार्यक्रममा सहभागी हुनका लागि पेश गर्ने निवेदन सम्झनु पर्दछ।

ठ) “कार्यालय” भन्नाले सरुमारानी गाउँपालिका, बङ्गांडा प्यूठानलाई सम्झनु पर्दछ।

ड) “कृषि विकास शाखा” भन्नाले सरुमारानी गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ।

ढ) "पशु सेवा शाखा" भन्नाले सरुमारानी गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्दछ।

ण) "विषयगत समिति" भन्नाले सरुमारानी गाउँपालिकाको आर्थिक विकास समितिलाई सम्झनु पर्दछ।

त) "व्यवसायीक कार्ययोजना" भन्नाले यस कार्यक्रममा सहभागी हुनका लागि कृषक/कृषि फर्म/कृषक समूह/समिति/पकेटले संचालन गरिने क्रियाकलाप,अनुदान रकम, स्व-लगानी सहित तयार गरी पेश गरिने संक्षिप्त कार्ययोजनालाई सम्झनु पर्दछ।

३. कार्यक्रम संचालनको उद्देश्य :

यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिमको हुनेछ।

क) कृषिलाई व्यवसायीकरण गर्न कृषकले अवलम्बन गर्दै आएको परम्परागत कृषि प्रणालीलाई रुपान्तरण गरी कृषि पेशालाई व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

ख) कृषिमा यान्त्रिकरण गरी उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउन सहयोग पुर्याउने।

ग) गाउँपालिकामा रहेका साना कृषकहरुलाई यस कार्यक्रममा समावेश गरी व्यवसायिकता तर्फ उन्मुख गराउने।

घ) युवा जनशक्तिलाई कृषि/पशुपन्छी पालन व्यवसायमा आकर्षित गरी स्वरोजगारको अवसर सिर्जना गर्ने।

## परिच्छेद- २

**१. सामुहिक बाखापालन फर्म संचालन कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत बाखापालन व्यवसाय उन्मुख कृषक समूह वा उद्यमीबाट उद्यमको विकास गर्नका लागि कृषक समूह/उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (नश्ल,प्राविधिक सेवा,औषधी,मेशिनरी सामग्री,खोर निर्माण/सुधार अनुदान आदि) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिनेछ।यी कार्यक्रमहरु संचालन यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

१.१ यस कार्यक्रम संचालनको लागि कार्यालयले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ।

१.२ सूचना अवधि भित्र इच्छुक कृषक समूह/समिति/पकेटले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- समुह/समिति/पकेट दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता/ ऐलानी पर्ति जग्गा भएमा सम्बन्धित वडा समितिको स्वीकृति सिफारिस र घाँस खेतीको लागि सामुदायिक वन क्षेत्र भएमा सोही सामुदायिक वन उपभोक्ता समितिको अनुमति पत्र पेश गर्नुपर्नेछ
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा ५० प्रतिशत समुह/समिति/पकेटले लागत साझेदारी गर्नुपर्नेछ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश/प्राविधिक लागत अनुमान दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- समुहमा रहेका सम्पूर्ण बाख्रा/बोकाहरुको बिमा अभिलेख प्रतिलिपि
- कार्यक्रमको नमुना सहितको सूचना बोर्ड सहितको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

१.११ कार्यक्रम अनुसार व्यवसाय संचालन भएपछी आगामी २ वर्ष सम्म कार्यालयले अध्ययन अनुगमन गर्नेछ।यसरी अनुगमन गर्दा उक्त फर्मको प्रगती आधारमा आवश्यकता देखिने भएमा कार्यालयले पुनः अनुदानको व्यवस्था गर्नेछ तर समुहले लक्षित योजना विपरित कार्य गरी फर्मलाई कमजोर बनाउने,विनाश गर्ने र बन्द हुने ठहर भएमा गाउँ कार्यपालिकाको निर्णय अनुसार सबै सदस्यहरुले समान अनुपातमा अनुदानको रकम कार्यालयमा फिर्ता गर्नुपर्नेछ र फिर्ता नगरे कार्यालयबाट प्राप्त हुने सबै सेवा सुविधाबाट वन्चित गरिनेछ।

१.१२ पशु सेवा शाखाबाट प्राविधिक सहयोग निरन्तर गर्नुपर्नेछ।

१.१३ समुहलाई तालिमको व्यवस्था र अध्ययन अवलोकन भ्रमण गराईनेछ।

१.१४ समुहका पदाधिकारीमा कम्तिमा १ जना र कुल सदस्यको कम्तिमा ५० प्रतिशत महिला,दलित तथा जनजातिको पनि सहभागीता हुनुपर्नेछ।

## परिच्छेद-३

**१. बाख्रापालन फर्म लक्षित कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत बाख्रापालन व्यवसाय उन्मुख कृषक, व्यवसायिक बाख्रापालक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नका लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन

गर्नका लागि कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (उन्नत नश्ल,प्राविधिक सेवा,औषधी,आहार सुधार, मेशिनरी सामग्री,खोर निर्माण/सुधार अनुदान आदि) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिनेछ।यी कार्यक्रमहरु संचालन यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ।

१.२ सूचना अवधि भित्र इच्छुक पशुपालक कृषक/पशुपन्छी फर्मले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पशुपालक कृषक/पशुपन्छी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता/ ऐलानी पर्ति जग्गा भएमा सम्बन्धित वडा समितिको स्वीकृति सिफारिस र घाँस खेतीको लागि सामुदायिक वन क्षेत्र भएमा सोही सामुदायिक वन उपभोक्ता समितिको अनुमति पत्र पेश गर्नुपर्नेछ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा ५० प्रतिशत पशुपालक कृषक/पशुपन्छी फर्मले लागत साझेदारी गर्नुपर्नेछ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश/प्राविधिक लागत अनुमान दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- समुहमा रहेका सम्पूर्ण बाख्रा/बोकाहरुको बिमा अभिलेख प्रतिलिपि
- कार्यक्रमको नमुना सहितको सूचना बोर्डको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।
१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।
१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-४

**१. कृषक लक्षित पशुपालन कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत पशुपालन व्यवसाय उन्मुख कृषक वा साना पशुपालक कृषकलाई (न्युनतम ५ बाख्रा भएका कृषक/२ गाईभैंसी भएका कृषक) प्रोत्साहन गर्नका लागि कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (उन्नत नश्ल,प्राविधिक सेवा,औषधी, आहार सुधार, मेशिनरी सामग्री, खोर/भकारो निर्माण/सुधार अनुदान आदि) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिनेछ।यी कार्यक्रमहरु संचालन यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।
१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ।
१.२ सूचना अवधि भित्र इच्छुक बाख्रापालक कृषक/कृषक समूहले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- बाख्रापालक कृषक/कृषक समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता/ ऐलानी पर्ति जग्गा भएमा सम्बन्धित वडा समितिको स्वीकृति सिफारिस र घाँस खेतीको लागि सामुदायिक वन क्षेत्र भएमा सोही सामुदायिक वन उपभोक्ता समितिको अनुमति पत्र पेश गर्नुपर्नेछ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा ३० प्रतिशत बाख्रापालक कृषक/कृषक समूहले लागत साझेदारी गर्नुपर्नेछ।
१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।
१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।
१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश/प्राविधिक लागत अनुमान दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- समुहमा रहेका सम्पूर्ण बाख्रा/बोकाहरुको बिमा अभिलेख प्रतिलिपि
- कार्यक्रमको नमुना सहितको सूचना बोर्डको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-५

**१. व्यवसायिक गाईभैंसीपालन फर्म लक्षित कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत गाईभैंसीपालन व्यवसाय उन्मुख कृषक वा व्यावसायिक दुग्ध उत्पादक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नका लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (उन्नत नश्ल, प्राविधिक सेवा, औषधी, आहार सुधार, मेशिनरी सामग्री, गोठ/भकारो निर्माण/सुधार अनुदान आदि) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिनेछ।यी कार्यक्रमहरु संचालन यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ।

१.२ सूचना अवधि भित्र इच्छुक पशुपालक कृषक/पशुपन्छी फर्मले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- पशुपालक कृषक/पशुपन्छी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता/ ऐलानी पर्ति जग्गा भएमा सम्बन्धित वडा

समितिको स्वीकृति सिफारिस र घाँस खेतीको लागि सामुदायिक वन क्षेत्र भएमा सोही सामुदायिक वन उपभोक्ता समितिको अनुमति पत्र पेश गर्नुपर्नेछ।

- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा ५० प्रतिशत पशुपालक पशुपालक कृषक/पशुपन्छी फर्मले लागत साझेदारी गर्नुपर्नेछ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश/प्राविधिक लागत अनुमान दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- फर्ममा रहेका सम्पूर्ण गाईभैंसीहरुको बिमा अभिलेख प्रतिलिपि
- कार्यक्रमको नमुना सहितको सूचना बोर्डको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/ वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-६

**१. कुखुरापालन लक्षित कार्यक्रम** : यस कार्यक्रम अन्तर्गत पन्छीपालन व्यवसाय उन्मुख कृषक वा व्यावसायिक पन्छीपालक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नका लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (कुखुराका चल्ला, प्राविधिक सेवा, औषधी, सामग्री, खोर निर्माण/सुधार अनुदान आदि) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिनेछ।यी कार्यक्रमहरु संचालन यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ।

१.२ सूचना अवधि भित्र इच्छुक कुखुरापालक कृषक/फर्म/समुहले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- कुखुरापालक कृषक/फर्म/समुह फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता/ ऐलानी पर्ति जग्गा भएमा सम्बन्धित वडा समितिको स्वीकृति सिफारिस पत्र
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा ३० प्रतिशत कुखुरापालक कृषक/फर्म/समुहले लागत साझेदारी गर्नुपर्नेछ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश/प्राविधिक स्टमेट दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- कार्यक्रमको नमुना सहितको सूचना बोर्डको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-७

**१. बंगुरपालन फर्म लक्षित कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत बंगुरपालन व्यवसाय उन्मुख कृषक, व्यावसायिक बंगुरपालक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नका लागि कृषक/उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (उन्नत नश्ल,प्राविधिक सेवा,औषधी,आहार सुधार,मेशिनरी सामग्री,खोर निर्माण/सुधार अनुदान आदि) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिनेछ।यी कार्यक्रमहरु संचालन यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ।

१.२ सूचना अवधि भित्र इच्छुक बंगुरपालक कृषक/पशुपन्छी फर्मले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- बंगुरपालक कृषक/पशुपन्छी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा ३० प्रतिशत बंगुरपालक कृषक/पशुपन्छी फर्मले लागत साझेदारी गर्नुपर्नेछ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश/प्राविधिक लागत अनुमान दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- समुहमा रहेका सम्पूर्ण बंगुरहरुको बिमा अभिलेख प्रतिलिपि
- कार्यक्रमको नमुना सहितको सूचना बोर्डको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।
१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।
१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-८

**१. स्थलगत कृषि तथा पशुपन्छी पालन सम्बन्धि तालिम :** यस कार्यक्रम संचालनको लागि गाउँपालिकाको कृषि विकास शाखा र पशु सेवा शाखाले कृषकको माग र व्यवसाय संचालनका लागि सम्भावना रहेको क्षेत्रका कृषकहरुलाई समूहमा आवद्ध गरी सम्बन्धित बालीवस्तु विशेष तालिम गाउँपालिकाको तालिम संचालन नियमको अधिनमा रहि तालिम संचालन गर्नेछ।

## परिच्छेद- ९

**१.पशु स्वास्थ्य घुम्ती शिविर संचालन कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत सरुमारानी गाउँपालिकाको पशु सेवा शाखा र वडा स्तरका पशुपन्छी उपचार केन्द्रको पहुँचबाट टाढा रहेको टोल/बस्तीका पशुपन्छीपालक कृषकहरुमा सेवा पुराउने र पशुपन्छीजन्य क्षति न्यूनीकरण गरी कृषकहरुको उत्पादन वृद्धि गर्ने उद्देश्य अनुसार निशुल्क पशु स्वास्थ्य घुम्ती शिविर संचालन गरिने छ।शिविर संचालन गर्ने स्थान सम्बन्धित विषयगत समिति र शाखाले छनौट गर्नेछ।

## परिच्छेद- १०

**१.नियमित सेवा प्रवाह कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत सरुमारानी गाउँपालिकाको कृषि/पशु सेवा शाखाले नियमित रुपमा सेवा प्रवाह गरी कृषकहरुको आयस्तर सुधार गर्नका लागि आवश्यक पर्ने उत्पादन सामग्रीहरु (औषधी, घाँसको बिउ/बेर्ना, सेट्स, नश्ल, खाद्यान्न/दलहन/तेलहन/मसला/रैथाने/तरकारी बालीको बिउ/जैविक तत्व/विषादी) कृषकहरुलाई निशुल्क रुपमा वितरण गरी कार्यक्रम संचालन गर्न सक्नेछ।

## परिच्छेद -११

**१. कोरेली गाई/भैंसी वितरण कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत गाईभैंसीपालन व्यवसाय तर्फ उन्मुख कृषक जसको आय स्रोत कमजोर भई गाई/भैंसीपालन व्यवसाय संचालन गर्न नसकेका तर व्यवसाय संचालन गर्नका लागि संरचना (गोठ,घाँस,चरन,जनशक्ति आदि) र संभावना रहेको क्षेत्रका कृषकहरुलाई समूहमा आवद्ध गरी गाउँपालिकाले प्रति कृषक सदस्यलाई १/१ गोटा कोरली गाई/भैंसी वितरण गर्न सक्नेछ।यस कार्यक्रमबाट अनुदानमा प्राप्त गरेका कोरेली गाई/भैंसीहरु कम्तीमा ५ वर्ष भित्रमा विक्री गर्न पाईने छैन।यदि तोकिएको अवधि भित्र नै कृषकले लापरबाही गरी बिक्रि वितरण गरेको भेटिएमा निज कृषकले उक्त कोरेली गाई/भैंसी

खरिद गर्दाको मुल्य कार्यालयले अनुदानग्राहीबाट असुल गरी थप ५ हजार जरिवाना गर्न सक्नेछ। कोरेली गाई/भैंसीको बिमा अनिवार्य रुपमा अनुदानग्राही कृषकले गर्नुपर्नेछ। यस कार्यक्रमबाट अनुदान प्राप्त कृषकहरुलाई नियमित अनुगमन तथा प्राविधिक सल्लाह दिई कृषकहरुलाई क्रमिक रुपमा दुग्ध उत्पादक व्यवसायीमा स्थापित गरिनेछ। यो कार्यक्रम अनुसार अनुदान प्राप्त गरी स्थापित भएका कृषकहरु मध्ये सफल व्यवसायीलाई कार्यालयले थप प्रोत्साहन गर्नका लागि कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री (उन्नत नश्ल, प्राविधिक सेवा, औषधी, आहार सुधार, मेशिनरी सामग्री, गोठ/भकारो सुधार आदि) मा पुनः २ आर्थिक वर्षको अन्तरालमा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गर्न सक्नेछ। यी कार्यक्रमहरु संचालन यसै कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ।

१.२ सूचना अवधि भित्र इच्छुक कृषकले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- पशुपालक कृषक/समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता/ ऐलानी पर्ति जग्गा भएमा सम्बन्धित वडा समितिको स्वीकृति सिफारिस र घाँस खेतीको लागि सामुदायिक वन क्षेत्र भएमा सोही सामुदायिक वन उपभोक्ता समितिको अनुमति पत्र पेश गर्नुपर्नेछ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा १० प्रतिशत पशुपालक कृषक/कृषक समूहले लागत साझेदारी गर्नुपर्नेछ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश/प्राविधिक लागत अनुमान दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन

- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- समूह/फर्ममा रहेका सम्पूर्ण गाईभैंसीहरुको बिमा अभिलेख प्रतिलिपि
- कार्यक्रमको नमुना सहितको सूचना बोर्डको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-१२

**१. अध्ययन अवलोकन कृषक भ्रमण :** यस कार्यक्रम संचालनको लागि गाउँपालिकाको कृषि विकास शाखा र पशु सेवा शाखाले कृषकलाई नँया प्रविधिहरु देखाउने र सिकाउने उद्देश्यले आधुनिक प्रविधि अवलम्बन गरी सफल भएका व्यवसायी र स्थानहरुमा अध्ययन अवलोकन कृषक भ्रमण कार्यक्रम संचालन गर्नेछ।कृषक भ्रमणमा सहभागी छनौट सम्बन्धित विषयगत समिति र शाखाले गर्नेछ।

## परिच्छेद-१३

**१. मौरीपालन लक्षित कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत ( कृषक/फर्मको हकमा न्युनतम १० मौरीघार, समुह/समिति/सहकारी हकमा न्युनतम १०० मौरीघार र पकेटको हकमा न्युनतम ३०० मौरीघार ) मौरीपालन व्यवसाय तर्फ उन्मुख तथा व्यवसायिक कृषक/फर्म/समुह/समिति/सहकारी/पकेटहरुलाई आवश्यक पर्ने मौरीघार ( खाली तथा गोला सहित) र उत्पादन सामाग्रीहरु वितरण गरिने छ ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ ।

१.२ सूचना अवधि भित्र इच्छुक कृषक/कृषक समूह/समिति/पकेटले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- कृषक/कृषक समूह/समिति/पकेट दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ ।

१.४ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा २५ प्रतिशत कृषक/कृषक समूह/समिति/पकेटले लागत साझेदारी गर्नुपर्नेछ ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने ।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यालयले कार्यक्रम संचालनको लागि कार्यदिश दिनेछ ।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने ।

- निवेदन
- सम्झौता पत्र
- कार्यसम्पन्न प्रतिवेदन
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- आवश्यक बिल/भरपाई
- कार्यक्रमको नमुना सहितको सूचना बोर्डको फोटो

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-१४

**१. फलफूल रोपण कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत फलफूल ( आँप, लिची, अम्बा, कागती, सुन्तला, मेवा, केरा) व्यवसाय संचालन गरेका र व्यवसाय संचालन गर्न इच्छुक कृषक/कृषक समूह/समिति/पकेट/फर्म बाट आवश्यक पर्ने फलफूलको बिरुवाहरु माग गरी यस कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा कार्यालयले बिरुवा खरिद गरी वितरण गर्नेछ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ ।

१.२ सूचना अवधि भित्र इच्छुक कृषक/कृषक समूह/समिति/पकेट/फर्मले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- कृषक/कृषक समूह/समिति/पकेट/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिले आवश्यक फलफूलका बिरुवा माग गरेको निर्णय प्रतिलिपि

- व्यवसाय संचालन गर्ने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कुल लागतको कम्तिमा २५ प्रतिशत कृषक/कृषक समूह/समिति/पकेटले लागत साझेदारी गर्नुपर्नेछ ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई आवश्यक पर्ने फलफूलका बिरुवा कार्यालयले खरिद गरी वितरण गर्नेछ।

## परिच्छेद-१५

**१. साना कृषि औजार तथा यन्त्र उपकरण वितरण कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत कृषि व्यवसायमा यान्त्रिकरण गरी उत्पादकत्व वृद्धि गर्न तथा उत्पादन लागत घटाउन सहयोग पुर्याउने उद्देश्यले व्यवसाय उन्मुख र व्यवसायिक कृषक/कृषक समूह/समिति/पकेट/फर्महरुमा आवश्यक साना कृषि औजार तथा यन्त्र उपकरणहरु वितरण गरिनेछ ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ ।

१.२ सूचना अवधि भित्र इच्छुक कृषक/कृषक समूह/समिति/पकेट/फर्मले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- कृषक/कृषक समूह/समिति/पकेट/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिले आवश्यक पर्ने कृषि यन्त्र उपकरण माग गरेको निर्णय प्रतिलिपि
- व्यवसाय संचालन गरेको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा कृषक/कृषक समूह/समिति/पकेट/फर्मले माग गरेको कृषि सामग्रीको लागत रकम रु. पचास हजार भन्दा बढी भएमा कम्तिमा ५० प्रतिशत र सो भन्दा कम रकमको कृषि यन्त्र उपकरणमा कुल लागतको कम्तिमा १० प्रतिशत लागत साझेदारी अनुदानग्राहीले बेहोर्न पर्नेछ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने ।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने ।

- निवेदन
- सम्झौता पत्र
- समूह समितिले अनुदान माग गरेको निर्णय प्रतिलिपि
- सम्झौता अनुसार खरिद भएको कृषि यन्त्र उपकरणको रंगिन फोटो
- गाउँपालिकाले तोकेको बैंक खाता नम्बर
- आवश्यक बिल/भरपाई

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-१६

**१. आकस्मिक बाली संरक्षण तथा सहयोग कार्यक्रम :** यस कार्यक्रममा गाउँपालिका भित्र कृषि/पशुपन्छी/मत्स्य व्यवसाय संचालन गरेका कृषक/कृषक समूह/समिति/पकेट/फर्ममा आकस्मिक रुपमा रोग किराले क्षति पुर्याई उत्पादनमा असर गरेमा वा असर गर्ने भएमा त्यस्ता रोग किराको क्षति रोकथाम गर्न तथा राहत उपलब्ध गराउन यो कार्यक्रम संचालन गरिने छ।

## परिच्छेद-१७

**१. पकेट क्षेत्र प्रोत्साहन कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत गाउँपालिकामा दर्ता भएका पकेटहरुलाई प्रोत्साहन गरी कृषि उत्पादन वृद्धि गर्नको लागि कृषकहरुलाई आवश्यक पर्ने उत्पादन सामाग्री ( बिउ, मल, औजार, सिंचाई, विषादी, प्राविधिक सेवा ) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिने छ ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ ।

१.२ सूचना अवधि भित्र इच्छुक कृषि पकेटले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पकेट दर्ता प्रमाणपत्रको प्रतिलिपि

- पकेटमा आवश्यक पर्ने कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- पकेटमा संलग्न सदस्यहरुको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा माग गरेको कृषि कार्यक्रममा कुल लागतको कम्तिमा २५ प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने ।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यदिश दिने ।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने ।

- निवेदन
- सम्झौता पत्र
- अनुदान माग गरेको निर्णय प्रतिलिपि
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- वडा समितिको अनुगमन प्रतिवेदन
- गाउँपालिकाले तोकेको बैंक खाता नम्बर
- आवश्यक बिल/भरपाई

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-१८

**१. बाली विशेष प्रोत्साहन कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र अदुवा,बेसार,तरुल,पिडालु,कोदो,फापर खेती (न्युनतम २ रोपनी) गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न प्रति रोपनी रु ५०००/- सम्मको दरले कृषकहरुलाई आवश्यक पर्ने उत्पादन सामाग्री (बिउ, मल, औजार, सिंचाई, विषादी) मा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गरिने छ ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ ।

१.२ सूचना अवधि भित्र इच्छुक कृषक/समूह/समितिले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूहमा आवश्यक पर्ने उत्पादन सामग्री माग गरेको निर्णय प्रतिलिपि
- व्यवसाय संचालन गरेको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा माग गरेको कृषि कार्यक्रममा शत प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराइने छ ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने ।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यदिश दिने ।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने ।

- निवेदन
- सम्झौता पत्र
- अनुदान माग गरेको निर्णय प्रतिलिपि
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- वडा समितिको अनुगमन प्रतिवेदन
- गाउँपालिकाले तोकेको बैंक खाता नम्बर
- आवश्यक बिल/भरपाई

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-१९

**१.समुह/समितिलाई विद्युत महसुल अनुदान सहयोग कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत गाउँपालिकामा दर्ता भएका लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई समुह/समितिहरुले घरायसी प्रयोजनको लागि करेसाबारी खेती तथा कृषि व्यवसाय संचालन गर्दा बाली बस्तुको उत्पादन वृद्धि गर्नका लागि सिंचाई व्यवस्थापन गर्न लाग्ने विद्युत महसुल अनुदान सहयोग गरिने छ ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि ३५ दिने सूचना प्रकाशन गर्नेछ

१.२ सूचना अवधि भित्र इच्छुक दर्ता भएका लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई समुह/समितिहरुले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि
- लिफ्ट सिंचाई समुह/समितिहरुले कार्यक्रम/अनुदान माग गरेको निर्णय प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- व्यवसाय संचालन गरेको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ ।
- संक्षिप्त बाली उत्पादन सम्बन्धि कार्ययोजना पेश गर्नुपर्ने

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा माग गरेको सिंचाई कार्यक्रममा खपत भएको विद्युत महसुलमा कम्तिमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइने छ ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ ।

१.५ कार्यपालिकाबाट छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गर्ने ।

१.६ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने ।

- निवेदन
- सम्झौता पत्र
- भुक्तानी माग गरेको निर्णय प्रतिलिपि
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- गाउँपालिकाले तोकेको बैंक खाता नम्बर
- लिफ्ट सिंचाई समुह/समितिहरुले सिंचाई गर्दा खपत भएको विद्युत महसुल तिरेको विल सहितको प्रतिवेदन र विद्युत महसुल अनुदान रकम माग गरेको निर्णय प्रतिलिपि

१.७ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.८ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.९ सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## परिच्छेद-२०

**१. भण्डारण प्रविधी सहयोग कार्यक्रम :** यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र अदुवा,बेसार,तरकारी लगायतका कृषि जन्य उत्पादनहरुलाई उचित भण्डारणका लागि आवश्यक पर्ने सामग्री तथा प्रविधिहरुमा सहयोग गरी उत्पादनपरोन्त हुने क्षति न्यूनीकरण गरी कृषकको उत्पादनलाई सुरक्षित गर्नका लागि आवश्यक पर्ने सामग्री तथा प्रविधिहरुमा सहयोग पुग्ने क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

१.१ यस कार्यक्रम संचालनको लागि गाउँपालिकाले प्रस्ताव आव्हान सम्बन्धि १५ दिने सूचना प्रकाशन गर्नेछ

१.२ सूचना अवधि भित्र इच्छुक कृषक/समूह/समितिले तपशिलका कागजात सहित सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूहमा आवश्यक पर्ने भण्डारण सामग्री तथा प्रविधि माग गरेको निर्णय प्रतिलिपि
- व्यवसाय संचालन गरेको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ जग्गा भाडामा लिएको भएमा १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना

१.३ संक्षिप्त व्यवसायिक कार्ययोजनामा माग गरेको भण्डारण सामग्री तथा प्रविधि सहयोग कार्यक्रममा ३०% अनुदानग्राहिको साझेदारीमा प्रोत्साहन रकम उपलब्ध गराइने छ ।

१.४ सम्बन्धित शाखामा पेश भएका प्रस्तावहरुको विषयगत समिति र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ ।

१.५ कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका प्रस्तावहरुलाई सम्झौताको लागि सूचना प्रकाशन गर्ने ।

१.६ छनौट भएका प्रस्तावहरुलाई तोकिएको समयमा सम्झौता गरी कार्यक्रम संचालनको लागि कार्यादेश दिने।

१.७ प्रस्तावकले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम सम्पन्न गरी सम्बन्धित शाखामा रकम भुक्तानीको लागि तपशिलको कागजात सहित निवेदन पेश गर्ने ।

- निवेदन
- सम्झौता पत्र
- अनुदान माग गरेको निर्णय प्रतिलिपि
- कार्यक्रम सम्पन्न भएको रंगिन फोटो
- वडा समितिको अनुगमन प्रतिवेदन
- गाउँपालिकाले तोकेको बैंक खाता नम्बर
- आवश्यक बिल/भरपाई

१.८ रकम भुक्तानीका लागि पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी कार्यसम्पन्न प्राविधिक प्रतिवेदन/वडा समितिको अनुगमन प्रतिवेदन सहित सम्बन्धित शाखाले विषयगत समितिमा प्रतिवेदन पेश गर्ने।

१.९ विषयगत समितिले प्राविधिक प्रतिवेदनको मुल्यांकन गरी सम्बन्धित शाखालाई रकम भुक्तानीको लागि जिम्मेवारी दिने।

१.१० सम्बन्धित शाखाले रकम भुक्तानीको लागि पेश भएका प्रस्तावहरुलाई कार्यालयमा पेश गर्ने।

## अनुसूची - १

<u>परिच्छेद-१ को (ख) संग सम्बन्धित</u>

१. खाद्यान्न बाली,

२. बागबानी जन्य, फलफूल, तरकारी,नगदे बाली, मसला बाली, पुष्प खेती

३. च्याउ

४. मौरी, रेशम खेती

५. कफी,अलैंची,सुपारी

६. तेलहन, दलहन

७. उखु, टिमुर

८. कृषि पर्यटन

९. कृषि संग सम्बद्ध र सो शब्दले औद्योगिक प्रयोजन हुने कृषिबस्तु

१०. कृषि,पशुपन्छी तथा मत्स्य उत्पादनको प्रशोधन उद्योग

११. कृषि तथा पशुपन्छी उत्पादन सामग्री ( दाना,विषादी,औषधी) आदिको प्रशोधन उद्योग

१२. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छी जन्य वस्तुहरु

## अनुसूची -२

परिच्छेद-१ को (छ) संग सम्बन्धित

पकेट कार्यक्रम संचालनका आधारहरु :

| बाली/बस्तु | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|
| खाद्यान्न बाली | हेक्टर | १५ | |
| दलहन,तेलहन,मसला बाली,फलफूल आदि | हेक्टर | ७ | |
| आलु र तरकारी बाली | हेक्टर | ७ | |
| मौरी | घार संख्या | ३०० | |
| प्लाष्टिक घरमा खेती | वर्गमिटर | १०००० | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | ४ | |

| | | | |
|---|---|---|---|
| गाई | उन्नत संख्या | १०० | |
| | स्थानीय/वर्णशंकर संख्या | ३०० | |
| भैंसी | उन्नत संख्या | ८० | |
| | स्थानीय/वर्णशंकर संख्या | १५० | |
| बंगुर | संख्या | ८० | |
| बाख्रा | संख्या | १००० | |

## अनुसूची-३

### किसान संग गाउँ सरकार कार्यक्रमको सूचना प्रकाशन सम्बन्धि ढाँचा

सरुमारानी गाउँपालिकाको आ.व.................... को वार्षिक स्वीकृत किसान संग गाउँ सरकार कार्यक्रम अनुसार ..................................................कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषक समूह/कृषि फर्म/समिति/सहकारीहरुले तपशिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति............................) संक्षिप्त कार्य योजना सहितको आवेदन यस कार्यालयमा दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| सि.न. | कार्यक्रमको नाम | ईकाई | परिमाण | अनुदान रकम रु. | कृषक समुह/फर्मले साझेदारी गर्नुपर्ने प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**आवश्यक कागजातहरु :**

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- कृषक/कृषक समूह/समिति/पकेट दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ
- संक्षिप्त व्यवसायिक कार्ययोजना

**अनुसूची — ४**

किसान संग गाउँ सरकार कार्यक्रमको प्रस्ताव पेश सम्बन्धि निवेदन

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
सरुमारानी गाउँकार्यपालिकाको कार्यालय बङ्गाँडा,प्यूठान।

विषय : कार्यक्रममा सहभागी गराई दिनुहुन।

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको कार्यालयबाट प्रकाशित किसान संग गाउँ सरकार कार्यक्रम अनुसार ......................व्यवसाय संचालन गर्न ईच्छुक रहेकाले ...........................कार्यक्रममा सहभागी गराईदिनु हुन निवेदन साथ आवश्यक काजजात पेश गएको छु/छौं।
निवेदन साथ संलग्न कागजातहरु :

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

- वडा कार्यालयको सिफारिस पत्र
- कृषक/कृषक समूह/समिति/पकेट दर्ता प्रमाणपत्रको प्रतिलिपि
- समूह समितिको निर्णय प्रतिलिपि
- फर्म संचालन हुने जग्गा मध्ये निजि, आवादी जग्गा भएमा जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/ १० वर्षे करार सम्झौता पत्र पेश गर्नुपर्नेछ
- संक्षिप्त व्यवसायिक कार्ययोजना

निवेदक :
दस्तखत :
नाम :
पद :
ठेगाना :
सम्पर्क नं. :

**अनुसूची-५**

**द्विपक्षीय सम्झौता पत्र**

सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बङ्गांडा प्यूठान मार्फत संचालन गरिने आ.व. .......................... को वार्षिक स्वीकृत किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत .............................कार्यक्रम संचालन गर्न श्री सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बङ्गांडा प्यूठान (यसपछि प्रथम पक्ष भनिने ) र सरुमारानी गाउँपालिका वडा नं.......का श्री ............................................ (यसपछि दोस्रो पक्ष भनिने) बिच मिति ......................... मा तपशिल बमोजिमका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

**तपशिल**

१. दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम शुरु गर्नु पर्नेछ।
२. प्रथम पक्षले शुरुमा कार्यक्रम संचालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन,सक्कल बिल,भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक वा सोझै दोस्रो पक्षको खातामा रकम भुक्तानी दिईनेछ।
३. यस आर्थिक वर्ष ....................मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसार .......................क्षेत्रफलमा ...................बाली लगाउन आवश्यक उत्पादन सामाग्री खरिदको लागि कुल लागत .............(अक्षरुपी .................मात्र ) मध्ये दोस्रो पक्षले रु................ (अक्षरुपी

....................मात्र ) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु............. (अक्षरुपी ................मात्र) उपलब्ध गराउने छ ।

४. प्रथम पक्षले कार्य प्रगतीको आधारमा भुक्तानी गरिनेछ।तोकिए अनुसारको परिमाण वा क्षेत्रफलमा काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन।

५. स्वीकृत कार्ययोजना बमोजिमका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. दोस्रो पक्षले नियमित रुपमा प्रगती विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

७. प्रथम पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ ।

८. कार्यक्रम संचालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

९. सम्झौता उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

दोस्रो पक्षको तर्फबाट
हस्ताक्षर :
नाम :
ठेगाना :
छाप :

प्रथम पक्षको तर्फबाट
हस्ताक्षर :
नाम :
पद : प्रमुख प्रशासकीय अधिकृत
कार्यालयको छाप :

**साक्षी**
हस्ताक्षर :
नाम :
पद : आर्थिक विकास समिति संयोजक

**साक्षी**
हस्ताक्षर :
नाम :
पद : शाखा प्रमुख

ईति सम्बत २०..... साल ........ महिना ....... गते रोज ...... शुभम् ।

## अनुसूची – ६

किसान संग गाउँ सरकार कार्यक्रमको प्रस्ताव पेश सम्बन्धि सक्षिप्त कार्ययोजनाको ढाँचा

सक्षिप्त कार्ययोजना

१. व्यवसायको परिचय :

२. कार्यक्रम शुरु हुने मिति :

३. कार्यक्रम सम्पन्न हुने मिति :

४. लक्षित वर्ग र संम्भावित रोजगारीको विवरण :

५. कार्यक्रम संचालन हुने स्थान :

६. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण :

| क. | क्रियाकलाप | ईकाई | परिमाण | दर | जम्मा रु. | लाभग्राहीको | कार्यालयको |
|---|---|---|---|---|---|---|---|

| स. | | | | | | तर्फबाट साझेदारी रकम रु. | तर्फबाट साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

पेश गर्ने :

दस्तखत :

नाम :

पद :

ठेगाना :

**अनुसूची — ७**

किसान संग गाउँ सरकार कार्यक्रममा पेश भएका प्रस्तावहरुको स्थलगत अनुगमन सम्बन्धि मूल्यांकन सम्बन्धिको ढाँचा

## स्थलगत अनुगमन सम्बन्धि मूल्यांकन फारम

कृषकको नाम थर :

ठेगाना :

कार्यक्रमको विवरण :

**किसान सँग गाउँ सरकार कार्यक्रममा सहभागिताका लागि प्रस्ताव छनौटका सूचकहरु :**

| स्थानको उपयुक्तता | पूर्वाधार | हाल | कार्यक्रमको | संक्षिप्त | जैविक | एकल | वैदेशिक |
|---|---|---|---|---|---|---|---|

| (सामाजिक,भौगोलिक एंव वातावरणीय) (२०) | विकास एंव विकासका सम्भावनाहरु (२०) | संचालित कार्यक्रम एंव क्रियाकलाप को अवस्था (१०) | लागि आवश्यक योग्यता,तालिम एंव अनुभव (१०) | कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको सहकार्य विवरण (१५) | सुरक्षा (५) | महिला,दलित,विपन्न वर्ग (१०) | रोजगारबाट फर्किएका युवाहरु (१०) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मुल्यांकनकर्ता :

| क.स. | मुल्यांकनकर्ताको नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८०।५।१९